# प्रेस काउन्सिल नेपाल
## आचारसंहिता अनुगमन उपसमिति
### दर्ता हुन आएका उजुरी/जनगुनासो तथा काउन्सिलबाट भएका स्वअनुगमनका सम्बन्धमा मिति २०७७१२।०९ गतेको आचारसंहिता अनुगमन उपसमितिका निर्णयहरू

| क्र.सं | उजुरी | उजुरीको बेहोरा | २०७७१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णय |
|---|---|---|---|
| १ | **आर्यन धिमाल(फोटो पत्रकार) अनलाइन खबर विरुद्ध दैनिकी डटकम** | दैनिकी डट कम (www.dainiki.com)बाट मिति २०७७/०९। १६ गते **"राष्ट्रियसभा सदस्यहरूको पिसिआर परीक्षण"** शीर्षकअन्तर्गत सम्प्रेषित सामग्रीमा प्रयोग गरिएको तस्बिरको सम्बन्धमा अनलाइनखबर डटकमका फोटो पत्रकार आर्यन धिमालको मिति २०७७०९।२० मा उजुरी दर्ता भएको । | मिति २०७७११।२८ गते दुवै पक्षलाई बोलाई दैनिकी डटकमबाट प्रयोग भएको अनलाइनखबरका आर्यन धिमालको तस्बिरको हकमा प्रति तस्बिर रु १०००।- पारिश्रमिक लिन/दिन र प्रयोग भएको तस्बिरको क्रेडिट उल्लेख नगरी असावधानीबस प्रकाशन हुन गएकोमा क्षमायाचनासहित आगामी दिनमा यस्तो कार्य दोहोरिन नदिने र स्रोतको अनुमति लिई तस्बिरको स्रोत उल्लेख गर्ने द्विपक्षीय सौहार्दपूर्ण सहमति भएकोले तामेलीमा राख्ने निर्णय भएको । |
| २ | **मोहन शाही विरुद्ध इकर्णाली खबर डटकम** | www.ekarnalikhabar.com नामक अनलाइन सूचना तथा प्रशारण विभागमा समेत दर्ता नभएको अनलाइन पत्रिकाले २०७७ माघ २९ गते बिहीबार १४:५७ मा प्रकाशित 'माधव प्रचण्ड समूहका विद्यार्थी नेता जुवाखालबाट पक्राउ' शीर्षकमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयका स्ववियू सचिव भरत शाहीको उजुरी दर्ता भएको । | तर पत्रकार आचारसंहिता बमोजिम प्रक्रिया नपुगेकोले खण्डन पठाउन जानकारी गराइएकोमा उजुरीकर्ताले मैले उक्त अनलाइनलाई हो भने खण्डन नै प्रेसित गर्दिन बरु काउन्सिललाई के निबेदन पेश गर्नुपर्छ बरु गर्छु भनी जवाफ प्राप्त भएको सम्बन्धमा मिति २०७७१२।९ गते बसेको आचारसंहिता अनुगमन उपसमितिको बैठकमा छलफल हुँदा "सञ्चारमाध्यमलाई सम्बोधन गरी प्रकाशित सामग्रीका विषयमा खण्डन काउन्सिलमा पठाउन पत्राचार गर्ने र खण्डनपत्रसहित उजुरी प्राप्त भएपश्चात् सञ्चारमाध्यमलाई पत्राचार गर्ने" निर्णय भएको । |
| ३ | **तिनजुरे इम्पोलोइमेन्ट सर्भिस प्रा.लि सञ्चालक बविन राई विरुद्ध TV today HD** | टिभी टुडे एच्डी TV today HD बाट मिति २०७७१०। १९ गते प्रसारित सामग्रीका सम्बन्धमा तिनजुरे इम्पोलोइमेन्ट सर्भिस प्रा.लि का सञ्चालक बविन राईबाट मिडियामा प्रेषित खण्डन सहित मिति २०७७११।०२ मा उजुरी दर्ता भएको । | मिति २०७७१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको बैठकमा छलफल हुँदा "तथ्यगत पुष्टि गरी सामग्री सम्प्रेषण गर्नु तथा सम्प्रेषित सामग्रीका विषयमा सम्बन्धित पक्षको भनाईलाई स्थान दिनु पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य हुने पत्रकार आचारसंहिताको व्यवस्थाबारे अवगत गराउँदै सम्बन्धित पक्षको भनाईलाई स्थान दिन निर्देशन दिने" निर्णय भएको । |
| ४ | **राष्ट्रिय ट्रमा सेन्टर (डाः सन्तोष पौडेल) विरुद्ध उकेरा डटकम** | "उकेरा डट कम (www.ukeraa.com) बाट मिति २०७७११।०२ गते **"बिग्रिएको मेसिनबारे चासो राख्दा ट्रमा सेन्टरका निर्देशकले भने -यार आउनुस न, पैसा दिन्छु"** शीर्षक अर्न्तगत प्रकाशित सामग्रीसम्बन्धमा उजुरी दर्ता भएको । | सो सम्बन्धमा मिति २०७७११।१९ गते सञ्चारमाध्यमलाई पत्राचार भएकोमा सञ्चारमाध्यमबाट मिति २०७७११।२१ जवाफ प्राप्त भएकोले मिति २०७७१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार सञ्चारमाध्यमबाट प्राप्त जवाफ उजुरीकर्तालाई जानकारी गराई कुनै प्रतिक्रिया भए पेश गर्न सूचित गरिएको । |
| ५ | **प्रहरी प्रधान कार्यालय साइबर व्युरो(प्रदिन ताम्राकार) विरुद्ध अनलाइन नेपाल डटकम** | अनलाइननेपाल डटकम (www.onlinenepal.com) बाट मिति २०७७११।११ गते **"सिडियो सरुवामा आर्थिक चलखेल, न्यौपानेका कारण राष्ट्रपतिको बदनाम"** शीर्षकअन्तर्गत | मिति २०७७१२।९ गतको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार खण्डन प्रकाशन गरी प्राप्त भएको जवाफ |

| | | | |
|---|---|---|---|
| | | सम्प्रेषित सामग्रीका सम्बन्धमा प्रहरी प्रधान कार्यालय साईबर व्युरोबाट मिति २०७७।११।१९ निवेदन दर्ता भएको । | उजुरीकर्तालाई जानकारी गराइएको र कुनै प्रतिक्रिया प्राप्त भई आएमा जगाउने गरी तामेलीमा राखिएको । |
| ६ | **कृष्णमुरारी चौलागाई विरुद्ध विभिन्न लोकप्रिय समाचार दैनिक पत्रिका, सगरमाथा पोष्ट डटकम, मध्यविन्दु डटकम** | लोकप्रिय समाचार, दैनिक पत्रिका अंक २०३, मिति २०७७ माघ २१ गते "भोटेचौरको विद्यालय व्यवस्थापन समिति अध्यक्ष पक्राउ", सगरमाथा पोष्ट डटकमबाट मिति २०७७ माघ २० गते "भोटेचौरको विद्यालय व्यवस्थापन समिति अध्यक्ष पक्राउ", मध्यविन्दु डटकमबाट मिति २०७७ माघ २० गते "शिक्षिकालाई अभ्रद्र व्यववहार गराउने विव्यस अध्यक्ष पक्राउ" शीर्षकअन्तर्गत प्रकाशित सामग्रीका सम्बन्धमा कृष्णमुरारी चौलागाईको उजुरी दर्ता भएको । | मिडियाबाट खण्डन प्रकाशन गरी काउन्सिललाई जानकारी गराएकोले मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार खण्डन प्रकाशनबारे उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया प्राप्त नभएकोले तामेलीमा राखिएको । |
| ७ | **मेगा बैंक विरुद्ध अनलाइनपाना डटकम** | अनलाइनपाना डट कम (www.onlinepana.com) बाट विभिन्न मितिमा प्रकाशित "'बिचौलियाको कब्जामा मेगा बैंक, हिरासतमा रहेका ग्राहकको हस्ताक्षरमा करोडौं साफ,' 'मेगा बैकको अर्को काण्ड बाहिरियो, १२ दिनमा दुई पटक ऋण दिएर ३५ दिनको दौडधुप', 'जनताको पैसा डुबाउने मेगा बैंकको यस्तो कर्तुतः कालोसूचीमा नाम, जति चाहियो त्यति लान पाइने दाम', 'मेगा बैकको मनपरी-सीईओको सेटिङले बैंक डुब्ने खतरा', 'मेगा बैंकको हालत खराब, अर्बौं ऋण जोखिममा', 'मेगा बैंकले लगानीकर्तालाई १० दशमलब ७६ प्रतिशत लाभांश दिने" शीर्षकअन्तर्गत सम्प्रेषित सामग्रीका सम्बन्धमा खण्डन सहित मिति २०७७।०९।२१ गते उजुरी प्राप्त भएको । | खण्डन प्रकाशन गरी काउन्सिललाई जानकारी गराएकोले खण्डन प्रकाशन भएको बेहोरा उजुरीकर्तालाई जानकारी गराएकोमा कुनै प्रतिक्रिया पेश नभएकोले मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार तामेलीमा राखिएको । |
| ८ | **सोल्टी होटल विरुद्ध ताजाखबर साप्ताहिक** | ताजा नेपाल साप्ताहिक (www.tajanepal.com) बाटे **"सोल्टी होटल धरासायी बन्दै"** शीर्षकअन्तर्गत सम्प्रेषित सामग्रीका सम्बन्धमा उजुरी प्राप्त भएको । | उजुरीका आधारमा सञ्चारमाध्यमलाई पत्राचार भएकोमा सञ्चारमाध्यमबाट काउन्सिलमा पेश भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया प्राप्त नभएकाले मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार कुनै प्रतिक्रिया प्राप्त भई आएमा जगाउने गरी तामेलीमा राखिएको । |
| ९ | **योगेन्द्र घिसिङ विरुद्ध अनलाइन पाना डटकम** | अनलाइनपाना डट कम (www.onlinepana.com) बाट **"ओलीको क्याविनेटमा फरार अभियुक्त"** शीर्षकअन्तर्गत सम्प्रेषित सामग्रीका सम्बन्धमा योगेन्द्र घिसिङको मिति २०७७।१०। २० गते उजुरी प्राप्त भएको । | उजुरीका आधारमा सञ्चारमाध्यमलाई पत्राचार भएकोमा सञ्चारमाध्यमबाट समाचारका सम्बन्धमा खण्डन प्रकाशन गरी काउन्सिललाई पेश भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया प्राप्त नभएकाले मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार कुनै प्रतिक्रिया प्राप्त भई आएमा जगाउने गरी तामेलीमा राखिएको । |
| १० | **हेलो सरकार विरुद्ध तात्तातो खबर युटुब च्यानल हामनाथ न्यौपाने ( भाग्य न्यौपाने)** | "आफूलाई पत्रकार भन्ने तर सूचना विभागबाट जारी भएको कुनै प्रेस प्रतिनिधि प्रमाणपत्र समेत नरहेको पत्रकार महासंघमा समेत सदस्यता नरहेको तात्तातो युट्युब अनलाइन चलाउने | प्राप्त जनगुनासाको आधारमा मिति २०७७।१०।१५ सम्बन्धित मिडियाबाट मिति २०७७।११।०२ मा पेश भएको जवाफ मिति २०७७।११।०२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो |

| | | | |
|---|---|---|---|
| | | भाग्य न्यौपाने सम्पति शुद्धीकरण विभागको आँखा छल्ने, सोभ्ता नेपालीहरूलाई इमोसनल ब्ल्याकमेलिङ गरेर आएको पैसा लुकाउन सजिलो बनाउने गरेकोले वास्तविक घटना के हो तत्काल छानबिन गरि कडाभन्दा कडा कारवाही गरि पाऊँ ।" भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (हेलो सरकार) मार्फत् प्राप्त भएको जनगुनासो । | सरकारमा जानकारी गराइएको र मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको बैठकको निर्णयानुसार तात्तोखबरको नामा सूचना विभागबाट प्रेस कार्ड लिएको वा नलिइएको सूचना तथा प्रशारण विभागसँग जानकारी माग गर्नुका साथै तात्तातोखबरको युट्युब च्यानलमा यस किसिमका सामग्री संकलन गरी अध्ययन भइरहेको । |
| ११ | **बलराम खतिवडा विरुद्ध एभिन्यूज टिभी** | एभिन्यूज टेलिभिजन बाट मिति २०७७।०४।३२ गते "सडक विस्तारका विषयमा एक व्यक्तिले नियोजितरूपमा गाउँलेलाई दुःख दिए" शीर्षकअन्तर्गत सम्प्रेषित सामग्रीका सम्बन्धमा बलराम खतिवडाको खण्डन सहित उजुरी प्राप्त भएको छ । | उजुरीका सम्बन्धमा सम्बन्धित सञ्चारमाध्यलाई मिति २०७७।०६।०९ मा उजुरीकर्ताको भनाईलाई उचित स्थान दिई खण्डन प्रशारण गरी ७ दिनभित्र काउन्सिललाई जानकारी गराउन पत्राचार भएकोमा जवाफ प्राप्त नभएपछि मिति २०७७।०६।१८ मा ताकेता, मिति २०७७।०७।१७ मा पुनः ताकेता र मिति २०७७।०८।१२ मा पत्रकार आचारसंहिता २०७३ पहिलो संशोधन, २०७६ को दफा ७(१) (ज) बमोजिम अवज्ञाकारी, कालोसूचीमा राखी थप कारबाही अगाडी किन नबढाउने ? भनी पत्राचार भएपश्चात् मिति २०७७।१०।१९ मा पेश भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेश नभएकोले मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार कुनै प्रतिक्रिया पेश भई आएमा जगाउने गरी तामेलीमा राखिएको । |
| १२ | **यति समूह विरुद्ध नयाँ पत्रिका दैनिक** | नयाँ पत्रिका दैनिक(www.nayapatrikadaily.com)बाट मिति २०७७।०९।२८ गते "नेपाल ट्रस्टको सम्पति लथालिंग, राजपरिवारबाट राष्ट्रको नाममा ल्याइएको सम्पत्तिमा बिचौलियाको राज" शीर्षकअन्तर्गत प्रकाशित सामग्रीका सम्बन्धमा मिति २०७७।१०।४ मा उजुरी प्राप्त भएको | उजुरीका आधारमा सम्बन्धित सञ्चारमाध्यमलाई मिति २०७७।१०।५ गते पत्राचार भएकोमा सम्बन्धित मिडियाबाट खण्डन प्रकाशन गरी प्रकाशित खण्डन सहित पेश भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोले मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार प्रतिक्रिया पेश भइ आएमा जगाउने गरी तामेलीमा राखिएको । |
| १३ | **हेलो सरकार जन गुनासो विरुद्ध एभिन्यूज टेलिभिजन** | एभिन्यूज टेलिभिजनबाट प्रशारित दशैअघि विद्यालय खुल्दैनन् भन्ने सामग्रीबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हेलो सरकारमा पेश भएको पब्लिक गुनासो सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभागमार्फत आवश्यक कारबाहीका लागि प्राप्त भएको । | जनगुनासोको सम्बन्धमा सम्बन्धित मिडियालाई मिति २०७७।०३।१५ गते के/कसो हुन गएको हो ? भनी जवाफ माग गरिएकोमा मिति २०७७।३।२८ मा जवाफ पेश भएको सम्बन्धमा मिति २०७७।४।१४ गते आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार फुटेज पुनः सुनी मिति २०७७।५।२२ गतेको आचारसंहिता अनुगमन उपसमिति (विद्युतीय) को बैठकमा पेश हुँदा "प्रसारित सामग्री र सञ्चारमाध्यमबाट पेश भएको जवाफको तथ्यमा फरक पर्न गएको देखिएकोले उक्त सामग्रीमा शिक्षा मन्त्रीको भनाई र मिडियाको जवाफसमेत उल्लेख गरी यसबाट भ्रम पर्न गएको हुँदा किन त्यस्तो हुन गएको हो ? जवाफ माग गर्ने" निर्णयानुसार मिति २०७७।०५।३०मा पत्राचार भएता पनि जवाफ प्राप्त नभएपछि मिति २०७७।०६।१९ मा ताकेता मिति २०७७।०७।१९ मा पुनः ताकेता र |

| | | | |
|---|---|---|---|
| | | | मिति २०७७।०८।१२ मा पत्रकार आचारसंहिता २०७३ पहिलो संशोधन, २०७६ को दफा ७(१) ज बमोजिम अवज्ञाकारी, कालोसूचीमा राखी थप कारबाही अगाडी किन नबढाउने ? भनी जवाफ माग भएपछि २०७७।१०।१६ गते जवाफ पेश भएको । उक्त जवाफ मिति २०७७।१०।२८ गते हेलो सरकारमा जानकारी गराइएकोमा कुनै पनि प्रतिक्रिया पेश नभएकोले मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार तामेलीमा राखिएको । |
| १४ | **प्रहरी प्रधान कार्यालय, साइबर ब्युरो बीरेन्द्र बहादुर शाही (गृह सचिव) विरुद्ध प्रशासन डटकम** | प्रशासन डट कम (www.prasashan.com)बाट मिति २०७७।१०।११ गते **"सचिवलाई कार्यालयमै रक्सी उपहारले रह्यो त सिंहदरवारको गरिमा"** शीर्षकअन्तर्गत सम्प्रेषित सामग्रीका सम्बन्धमा उजुरी प्राप्त भएको । | उजुरीका सम्बन्धमा मिति २०७७।१०।१२ गते उक्त विषयमा तथ्यगत पुष्ट्याइँबेगर लाञ्छना लगाउँदै, सम्बन्धित पक्षको भनाइलाई स्थान नदिई के/कसरी/किन त्यस्तो सामग्री सम्प्रेषण हुन गयो ? स्पष्ट खुलाई ३ दिनभित्र जवाफ पेश गर्न पत्राचार भएकोमा सम्बन्धित मिडियाबाट मिति २०७७।१०।१८ पेश भएको जवाफ साइबर ब्युरोलाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया प्राप्त नभएकोले मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार प्रतिक्रिया पेश भइ आएमा जगाउने गरी तामेलीमा राखिएको । |
| १५ | **प्रहरी प्रधानकार्यालय साइबर ब्यूरो विरुद्ध पिएनपी मिडिया** | Twitter का प्रयोगकर्ता ragingnepalifeminists eGg]n] "Rape is not a serious Crime, its more like a surprise sex, unexpected, it can be fun too." @ Mukunda_dai भन्ने पोष्टको समेत अनुसन्धान गर्दा उक्त पोष्ट Youtube मा PNP Media Pvt. Ltd ले पोष्ट गरेको पाइएको तथा PNP Media विधिवतरूपमा सूचना विभागमा दर्ता भई सञ्चालनमा रहेको र दर्ता नं. १३।०७३-७४ रहेको भन्ने बुझिएको हुँदा नियमानुसार आवश्यक कारबाहीको लागि मिति २०७७।१०।१६ गते पत्राचार भइ आएको । | सो सम्बन्धमा मिति २०७७।१०।२१ गते प्रचलित ऐन, कानुन, पत्रकार आचारसंहिता विपरीत हुने विवादास्पद भनाईसहितको सामग्री के/कसरी सम्प्रेषण हुन गएको हो ? ३ दिनभित्र स्पष्ट जवाफ पेश गर्न पत्राचार भएकोमा मिति २०७७।१०।२६ गते "उक्त भिडियो समाग्री तुरुन्तै हटाई सम्पादन गरेर प्रस्तुत गर्ने छौं । आगामी दिनहरूमा समेत यस्ता गल्ती नदोहोराउने बाचा गर्दछौं " भनी सम्बन्धित मिडियाबाट जवाफ पेश भएको । उक्त जवाफ मिति २०७७।१०।२८ गते नेपाल प्रहरी साइबर ब्युरोलाई जानकारी गराइएकोमा कुनै पनि प्रतिक्रिया प्राप्त नभएकोले मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार प्रतिक्रिया प्राप्त भइ आएमा जगाउने गरी तामेलीमा राखिएको । |
| १६ | **निराजन शाही एसओएस बालग्राम सुर्खेत विरुद्ध युगन्युज डटकम** | युगयूज डट कम (www.yugnews.com) बाट मिति २०७७।०९।३ गते "एसओएसका सहायक निर्देशक शाही अनैतिक अवस्थामा पकाउ" शीर्षकअन्तर्गत सम्प्रेषित सामग्रीका सम्बन्धमा मिति २०७७।९।१० गते निराजन शाहीको उजुरी प्राप्त भएको | मिति २०७७।१०।८ गते बसेको आचारसंहिता अनुगमन उपसमितिको बैठकमा छलफल हुँदा "उजुरीकर्ताबाट प्राप्त खण्डन तथा प्रतिक्रिया उक्त मिडियालाई पठाई खण्डन प्रकाशन गरी ७ दिनभित्र काउन्सिललाई जानकारी गराउन निर्देशन दिने" निर्णय बमोजिम मिति २०७७।१०।१४ गते निर्देशन दिइएकोमा । मिडियाबाट कुनै जवाफ पेश नभएपछि मिति २०७७।१०।२२ गते ताकेता र मिति २०७७।११।०२ मा पुन ताकेता र त्यसपछि पनि जवाफ प्राप्त नभएपछि पत्रकार आचारसंहिता २०७३ को दफा ७(१)(ज) बमोजिम अवज्ञाकारी कालोसूचीमा राखी थप कारवाही अगाडी किन नबढाउने ? ७ दिन |

| | | | |
|---|---|---|---|
| | | | भित्रमा जवाफ पेश गर्न मिति २०७७।११।१८ गते पत्राचार भएकोमा सम्बन्धित मिडियाबाट मिति २०७७।११।३ गतेको मितिको पत्र प्राप्त भएकोलेमिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार प्रकाशित खण्डनको लिंकसहित जानकारी माग गर्ने गरिएको । |
| १७ | **हेलो सरकारमार्फत सञ्चारमाध्यमबाट लैङगिक तथा यौनिक अल्पसंख्यक विषयमा प्रकाशित सामग्रीका विषयमा जनगुनासो** | प्रेसमा लैङगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको सम्बन्धी समाचार प्रकाशन गर्दा कुनै आधारभूत आचारसंहिता समेत छैन । त्यसैले सञ्चारमाध्यमहरूको असंवेदनशील रिपोर्टिङको शिकार हामी हुनुपरेको छ । यसमा ध्यानाकर्षण होस । भनी रुक्सना कपालीको हेलो सरकारबाट प्राप्त जनगुनासो । | मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार 'विभिन्न पत्रकार र मिडियाबाट लैङ्गिक/लैङ्गिक अल्पसङ्ख्यकका विषयमा भएका पत्रकार आचारसंहिता प्रतिकूल सामग्री, त्यसउपर भएको सुनुवाइ र कारबाहीको छुट्टै अभिलेख राखिनेछ । साथै अनुगमन, अध्ययन, अनुसन्धानबाट देखिएका दोषीलाई तत्काल कारबाही गरी सार्वजनिक गरिने' विषय बल्थली घोषणपत्रमा समावेश भई जारी भइसकेको बेहोरा सम्बन्धित पक्षलाई जानकारी गराउने र तामेलीमा राख्ने निर्णय भएको । |
| १८ | **भवन भट्ट विरुद्ध नेपालफल्यास डट कम** | नेपाल फ्ल्यास डट कम (www.nepalflash.com) मा मिति २०७७।०३।३० गते "एनआएनका पूर्व अध्यक्ष भट्टको धन्दा ! नेपालको निशाना छाप दुरूपयोग गरी युरोपमा बियर बेच्दै" र मिति २०७७।०४।०२ मा "निशाना छाप दुरूपयोग नगरेको दावी गर्ने नेपाल ब्रुअरिजको विचित्रको मौनता !" शीर्षकअन्तर्गत सम्प्रेषित सामग्रीका सम्बन्धमा मिति २०७७।०५।०७मा भवन भट्टको उजुरी प्राप्त भएको । | सो सम्बन्धमा मिति २०७७।०५।०८मा के/कसरी त्यस्तो सामग्री सम्प्रेषण हुन गएको हो ? स्पष्ट खुलाई ७ दिनभित्र जवाफ पेश गर्न पत्राचार भएकोमा मिति २०७७।०५।१७ मा मिडियाबाट प्राप्त जवाफ उजुरीकर्तालाई मिति २०७७।५।२१ मा जानकारी गराइएको । मिति २०७७।०५।२६मा "राष्ट्रको अमूल्य सम्पत्ति निकाशा छाप दुरूपयोगको अरोप लगाई समाचार सम्प्रेषण गर्ने सञ्चारमाध्यम र त्यसका सम्पादकलाई प्रेस काउन्सिल ऐन, पत्रकार आचारसंहिताबमोजिम कारबाही गरिपाऊँ" भनी प्रतिक्रिया पेश भएको सम्बन्धमा मिति २०७७।६।१ गतेको निर्णयानुसार प्रयुक्त भाषा, शब्दका सम्बन्धमा सञ्चारमाध्यमलाई सचेत गराइएको र बियरको उत्पादनमा नेपाल सरकारको लोगो (निशान छाप) प्रयोग गर्न पाइने/नपाइने विषयमा उद्योग विभागसँग जानकारी माग भएकोमा मिति २०७७।०७।१७ मा उद्योग विभागबाट "नेपाल सरकारको लोगो(निशान छाप) नेपाल सरकारको स्वीकृति नलिई कुनै पनि प्रयोजनका लागि नेपाल सरकारका निकायबाहेक कसैले प्रयोग गर्न नपाउने साथै पेरिस महासन्धी, ट्रिप्स, ट्रेडमार्क कार्य सञ्चालन दिग्दर्शन २०७२ को दफा ५ को खण्ड (अ) देहाय (ङ) समेतका आधारमा नेपाल सरकारको लोगोलाई ट्रेडमार्कको रूपमा प्रयोग गर्न नपाउने व्यहोरा यस विभागको मिति २०७७।०७।४ को निर्णय अनुसार अनुरोध छ" भनी जवाफ प्राप्त भएको । सोबारे मिति २०७७।८।१८ गतेको आचारसंहिता अनुगमन उपसमिति (विद्युतीय) को निर्णयानुसार उजुरीकर्तासँग प्रतिक्रिया माग भएको । मिति २०७७।०९।८ मा उजुरीकर्ताबाट प्रतिक्रिया प्राप्त भएको । सो सम्बन्धमा मिति २०७७।१२।९ गतेको |

| | | | |
|---|---|---|---|
| | | | आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार गुगलमा समेत खोजी गर्दा मिडियामा आएझैं उक्त विषयसँग मिल्दोजुल्दो सामग्री भेटिनुका साथै नेपाल ब्रुअरकै रातो भात भन्ने बियर देखिएको । नेपाल ब्रुअरी सन् १९९७ मा बाट युनाइटेड ब्रुअरीमा परिवर्तन भएको तथ्य समेत देखिएकोले सो विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् सम्बन्धित निकायलाई समेत जानकारी गराउने निर्णय भएको । |
| १९ | **युवराज श्रेष्ठ हेलो सरकारमार्फत विरुद्ध blind date shows youtbe chanel** | "युट्युबमा "Blind Date" show हो भन्दैमा अपाच्य छाडापन तथा विकृति फैलाउने कार्यक्रम प्रस्तुत गरिएको छ । सामाजिक विकृति रहितको shows पनि चलाउन सकिन्छ तर उक्त कार्यक्रममा प्रयोग भएको शब्द र व्यक्तिहरूमा पुर्णरूपामा छाडापन तथा विकृति देखिन्छ । अत : आवश्यक छानविन गरी कारवाही गरियोस धन्यवाद" भनी हेलो सरकार सञ्चारमन्त्रालय हुँदै जनगुनासो प्राप्त भएको । | सो जनगुनासोमा सम्बन्धमा मिति २०७७१२१९ गतेको आचारसंहिता अनुगमन उपसमितिको बैठकमा छलफल हुँदा "सामाजिक सञ्जाल विशेषगरी युट्युबको दुरूपयोगको विषयमा यसअघि नै काउन्सिलको तर्फबाट विज्ञप्ति जारी भएको । यस गुनासोमा कुन सामाजिक सञ्जाल हो खुलाई गुनासो प्राप्त भएको नेदेखिएको । सामाजिक सञ्जालको नियमनसम्बन्धमा अहिलेसम्म कुनै निकाय नभएको, प्रेस काउन्सिलले यसबारे आवश्यक नीतिगत निर्णयका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारलाई मिति २०७७०२।०९ मा पत्राचार भएकोमा कुनै नीतिगत निर्णय भइनसकेको । हालसम्मको प्रावधानअनुसार काउन्सिलको क्षेत्राधिकारभित्र सामाजिक सञ्जालको नियमन नभएको जानकारी गराउने" निर्णय भएकोले निर्णयअनुसार जानकारी गराइएको । |
| २० | **साइबर व्युरो विभिन्न पत्रिकामा शिवरात्रीको अवसरमा आएका मदिराजन्य विज्ञापन सम्बन्धमा** | विभिन्न पत्रिकामा महाशिवरात्रीको अवसरमा पर्वलाई जोडेर मदिराजन्य पदार्थको विज्ञापन भएको भनी टिवटर तथा विभिन्न माध्यमबाट व्यक्त भएको "यो रक्सीको विज्ञापन छाप्ने र छपाउनेलाई मुलुक अपराध संहिताको दफा १५६ अनुसार कारबाही होस् @NepalPoliceHQ बारम्बार प्रमाणसहित हिन्दु धर्मलाई अपमान गर्ने विभिन्न घटनामा ट्विटरमार्फत् रिपोर्ट गर्दा कारबाही किन गरेन प्रहरीले' भनी गरिएको ट्वीट तथा विभिन्न ट्वीटर प्रयोगकर्ताहरूले गरेको ट्विट र २०७७११।२६ गतेको कान्तिपुर दैनिक पत्रिकाको पृष्ठ ३ मा सम्प्रेषण भएको विज्ञापनका सम्बन्धमा उक्त मिडियालाई प्रेस काउन्सिलको प्रचलित कानुनबमोजिम आवश्यक कारबाही हुन भनी गुनासोकर्ताहरूको ट्विटको र विज्ञापनको छायाप्रतिसमेत संलग्न राखी आवश्यक कार्यार्थ प्राप्त पत्र । | मिति २०७७१२१९ गतेको आचारसंहिता अनुगमन उपसमितिको बैठकमा छलफल हुँदा "मुलुकी अपराध संहिता सम्बन्धी ऐन, जनस्वास्थ्य सेवा सम्बन्धी ऐनको कार्यान्वयन गर्ने निकाय प्रेस काउन्सिल नभएको र यस्ता सामग्रीको सम्प्रेषणबाट पत्रकार आचारसंहिता आकर्षित भएको सम्बन्धमा सम्बन्धित मिडियालाई 'जनस्वास्थ्यमा आघात पार्ने, धर्म तथा संस्कृतिमा आघात पार्ने किसिमबाट चाडपर्व विशेषको अवसरमा चाडपर्वलाई जोडेर धार्मिक/सांस्कृतिक मर्यादामा खलल पुग्ने किसिमबाट मदिराजन्य पदार्थको विज्ञापन नगर्न/नगराउनतर्फ ध्यानाकर्षण गराउने र सोही विषयमा सार्वजनिक अपिल समेत गर्ने' निर्णयानुसार सञ्चारमाध्यमलाई ध्यानाकर्षण गराई सोही विषयमा सार्वजनिक अपिल समेत गरिएको । |
| २१ | **चन्द्र बहादुर आले अनलाइन खबर डटकम विरुद्ध मुक्ती खबर डटकम** | अनलाइनखबर डटकममा प्रकाशित तस्वीरबहरू मुक्तिखबर डटकमले बिना अनुमति अनलाइनखबरको लोगो काटेर आफ्नो लोगो राखेर प्रकाशित गरेको विषयमा फोटोपत्रकार चन्दबहादुर आलेको मिति २०७७११।२ गतेको उजुरी पर्न आएको | मिति २०७७१२१९ गतेको आचारसंहिता अनुगमन उपसमितिको बैठकमा छलफल हुँदा "सञ्चारमाध्यमबाट प्राप्त जवाफ उजुरीकर्तालाई जानकारी गराउने र फोटोको प्रयोग विषयमा दुवै पक्षलाई बोलाई द्विपक्षीय छलफल गराउने । साथै बिना अनुमति |

| | | | |
|---|---|---|---|
| | | | कसैले खिचेको फोटोलाई मिडियामा प्रयोग गर्ने गरेको विषयमा बारम्बार उजुरी पर्ने गरेको तथ्यलाई मध्यनजर गरी अनुमति लिई, स्रोत उल्लेख नगरी तस्बिर तथा समाचार सामग्री सम्प्रेषण नगर्न/नगराउन सञ्चारमाध्यममा लक्षित गरी वक्तव्य जारी गर्ने" निर्णय भएको । |
| २२ | **गैर-आवासीय नेपाली संघ,मलेसिया (अध्यक्ष हरी भट्टराई) विरुद्ध दियोपोष्ट डटकम/हिमशिखर टेलिभिजन** | दियोपोष्ट डट कम (www.diyopost.com) र हिमशिखर टेलिभिजनबाट मिति २०७७।०६।१४ गते "अपहरणकारी डेभिड छुटाउन श्रीमती लिएर एनआरएन मलेशिया अध्यक्ष हरी भट्टराईको दौड्धुप !" शीर्षकअन्तर्गत सम्प्रेषित सामग्रीका सम्बन्धमा मिति २०७७।६।२३ मा खण्डन सहित उजुरी प्राप्त भएको छ । | यस सम्बन्धमा मिति २०७७।६।२३ मा सम्बन्धित सञ्चारमाध्यमलाई पत्राचार भएकोमा मिति २०७७।६।२५ मा दियो पोष्ट डटकमले खण्डन प्रकाशित गरी काउन्सिलाई जानकारी गराएको हिमशिखर टेलिभिजनबाट तोकिएको समयभित्र कुनै जवाफ पेश नभएपछि काउन्सिलबाट मिति २०७७।८।८ मा "पत्रकार आचारसंहिता २०७३ को दफा ७(१)(ज) बमोजिम अवज्ञाकारी/कालोसूचीमा राखी थप कारबाही कि अगाडि नबढाउने" भनी पत्राचार भएकोमा मिति २०७७।०८।१० गते हिमशिखर टेलिभिजनबाट जवाफ पेश भएको । सो जवाफ मिति २०७७।०८।१० मा उजुरीकर्तालाई जानकारी गराइएकोमा उजुरीकर्ताबाट जवाफ चित्त नबुझाई प्रतिक्रिया पेश भएको । सो विषयमा मिति २०७७।९।२१ गतेको निर्णयानुसार "सञ्चारमाध्यममा प्रकाशित/प्रसारित सामग्री तथ्यहीन, भ्रामक र असन्तुलित भएको लागेमा सोबाट असर पर्ने व्यक्ति, समुदाय वा संस्थाले सम्बन्धित सञ्चारमाध्यमा आफ्नो प्रतिक्रिया वा खण्डन पठाउन सक्नेछ । उक्त प्रतिक्रिया वा खण्डन प्राप्त भएपछि त्यसलाई उचित स्थान दिई यथाशीघ्र प्रकाशन वा प्रसारण गर्नु सम्बन्धित सञ्चारमाध्यमको कर्तव्य हुनेछ" भन्ने पत्रकार आचारसंहिताको व्यवस्था भएकोले उजुरीकर्ताको खण्डनलाई उचित स्थान दिई प्रशारण गरी ७ दिनभित्र काउन्सिललाई जानकारी गराउन निर्देशन दिइएकोमा मिडियाबाट जवाफ पेश भएको । मिति २०७७।१०।२८ गते मिडियाको जवाफ सहित उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेश नभएकोले मिति २०७७।१२।९ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार कुनै प्रतिक्रिया पेश भइ आएमा जगाउने गरी तामेलीमा राख्ने निर्णय भएको । |
| २३ | **राजेन्द्र अधिकारी बिरुद्ध समाधान राष्ट्रिय दैनिक, कास्की। १०** | समाधान राष्ट्रिय दैनिकको मिति २०७७।०५।२१ गतेको अंकको पृष्ठ १ मा E-paper र छपाई प्रतिमा फरकफरक सामग्री ''यौन शोषण आरोपमा आँखा अस्पतालका अधिकृत निलम्बित'' सम्बन्धी समाचार र ''नेपाल रेडक्रस सोसाईटी कास्की शाखा'' को विज्ञापन'' राखी प्रकाशित गरेको भनि श्री राजेन्द्र अधिकारीको नामबाट मिति २०७७।०६।१८ गते दर्ता भएको । | उजुरीको सम्बन्धमा मिति २०७७।८।१८ गतेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार सत्यतथ्य बुझी आगामी बैठकमा पेश गर्न उपसमितिका सदस्य श्री दुर्गा भण्डारीलाई जिम्मेवारी दिइएको । |

२४)  आधारहीन, भ्रमपूर्ण, आपत्तिजनक, अफवाहपूर्ण, अश्लील, राष्ट्रिय सुरक्षा, सामाजिक सद्भाव खलल पुऱ्याउने, हिंसा, आतंक, अश्लीलता र अपराधलाई प्रश्रय हुने किसिमका सामग्री सम्प्रेषण देहायका वेबपोर्टललाई नेपालभित्र प्रकाशन/प्रसारण हुन नसक्ने प्रबन्धका लागि नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गर्ने निर्णय भएको ।

| क्र.सं. | सञ्चारमाध्यम | प्रकाशन मिति | प्रकाशित सामग्री शीर्षक (स्वअनुगमन तथा जनगुनासो प्राप्त) |
|---|---|---|---|
| १ | firstposttamil.com | | "यी नायिकालाई बिवाह भन्दा सेक्क्सको प्रस्ताब बढी आउँछ !<br><br>शीर्षकमा आधारहीन, भ्रमपूर्ण शीर्षक राखी सम्प्रेषित सामग्रीबाट पत्रकार आचारसंहिता २०७३(पहिलो संशोधन, २०७६) दफा ४ को उपदफा (६) |
| २ | khabarmandu.com | | "गृहमन्त्रीबाट बादल आउट, बामदेवको इन्ट्री"<br>"उपराष्ट्रपति र सभामुख  माथि कारबाही, पदमुक्त हुदै"<br>शीर्षकमा आधारहीन, भ्रमपूर्ण शीर्षक राखी सम्प्रेषित सामग्रीबाट पत्रकार आचारसंहिता २०७३(पहिलो संशोधन,२०७६) को ४(३)१, र ४(६) प्रतिकूल देखिएको |
| ३ | sidhapost24.com | | "भर्खरै मन्त्रीमाथी बम प्रहार, अवस्था गम्भिर !"<br><br>आधारहीन, भ्रमपूर्ण शीर्षक राखी सम्प्रेषित सामग्रीबाट पत्रकार आचारसंहिता २०७३(पहिलो संशोधन,२०७६) को ४(३)१, र ४(६) प्रतिकूल देखिएको । |
| ४ | dainiksangalo.com | | "विवाह गर्दै उभिनेत्री रेखा थापा, यि हुन उनका हुनेवाला ह्यान्सम पति, बिवाहदेखि हनिमुन सम्मका कुरा गर्दा लजाइन रेखा( हेर्नुस्, तस्बीरहरू"<br><br>"सारा नेपालीलाई रुवाउने खबर विद्यार्थी बोकेको बस दुर्घटना हुँदा ७ विद्यार्थीको मृत्यु"<br>"काठमाडौबाट जनकपुरतर्फ उडेको जहाज पोखरामा दुर्घटना" (चैत ४)<br><br>शीर्षकमा आधारहीन, भ्रमपूर्ण शीर्षक राखी सम्प्रेषित सामग्रीबाट पत्रकार आचारसंहिता २०७३(पहिलो संशोधन,२०७६) को ४(३)१, र ४(६) प्रतिकूल देखिएको । |
| ५ | tattatonews.com | फागुन २४ | "फेरी लकडाउन शैक्षिक संस्था पुन : बन्द, अन्तरपालिका आवतजावतमा रोक"<br><br>शीर्षकमा आधारहीन, भ्रमपूर्ण शीर्षक राखी सम्प्रेषित सामग्रीबाट पत्रकार आचारसंहिता २०७३(पहिलो संशोधन,२०७६) को ४(३)१, र ४(६) प्रतिकूल देखिएको । |
| ६ | samacharkunja.com | | "काठमाडौँकै यी ठाउँ जहाँ पुरुष खोज्न स्कुटरमा आउँछन् युवती ?" |

| | | | |
|---|---|---|---|
| | | | शीर्षकमा आधारहीन, भ्रमपूर्ण शीर्षक राखी सम्प्रेषित सामग्रीबाट पत्रकार आचारसंहिता २०७३(पहिलो संशोधन,२०७६) को ४(३)१, र ४(६) प्रतिकूल देखिएको । |

२५) २०७७ फागुन महिनामा स्वअनुगमनका क्रममा एकपक्षीय, सन्तुलनरहित भ्रमपूर्ण, आधारहीन सामग्री सम्प्रेषण भएकोबारे स्वअनुगमन प्रतिवेदन पेश भई आएको र सो विषयमा बैठकमा छलफल भई देहायको बमोजिम गर्ने निर्णय भएको ।

| क्रसं | सञ्चारमाध्यम | प्रकाशित मिति | प्रकाशित सामग्री | स्वअनुगमनबाट देखिएको तथ्य तथा निर्णय |
|---|---|---|---|---|
| १ | janatatimes.com | | प्रधानमन्त्री ओलीकै पक्षमा जनमत देखिएको प्रचण्डको स्वीकारोक्ति | पत्रकार आचारसंहिता २०७३(पहिलो संशोधन,२०७६) को ४(३)१, ४(६) प्रतिकूल देखिएको<br><br>निर्णय :<br>राजनीतिक विषयमा कुनै एक पक्षको पक्षपोषण किसिमको शीर्षक चयन भई सामग्री सम्प्रेषण भएको देखिएकोले अभिलेखमा राख्ने । |
| २ | clickmandu.com | | बहिरालाई सेयर बजारमा ल्याउन अग्रसर बन्यो प्रभु क्यापिटल, निः शुल्क डिम्याट खाता खोलिदिने | अपाङ्गमैत्री सञ्चार निर्देशिका-२०७३ को प्रतिकुल देखिएको<br><br>निर्णय :<br>अपाङ्गमैत्री सञ्चार निर्देशिका,२०७३ को दफा ४(३) प्रतिकूल हुने किसिमले शीर्षक चयन गरी सामग्री सम्प्रेषण भएको देखिएकोले आगामी दिनमा पत्रकार आचारसंहिता तथा अपाङ्गमैत्री सञ्चार निर्देशिकाको प्रतिकूल हुने किसिमबाट सामग्री सम्प्रेषण नगर्न/नगराउन निर्देशिका समेत संलग्न राखी सचेत गराउने’ |
| ३ | ashakakiran.com | | सर्वोच्च अदालतले संसद पुनस्थापना नगरेको भए प्रचण्ड-माधव नेपाल लड्डु होइन आची खाएर सडकमा आउँथे महेश बस्नेत : | पत्रकार आचारसंहिता २०७३(पहिलो संशोधन,२०७६) को ४(३)१,र ४(६) प्रतिकूल देखिएको<br><br>निर्णय :<br>राजनीतिक दलका नेताले बोलेका भनिएका शब्दलाई उतारेर राजनीतिक आस्थाका समेत आधारमा कसैमाथि पनि भेदभाव हुने वा घृणा उत्पन्न हुने किसिमबाट एवं अमर्यादित शब्द चयन गरी समाचार सामग्री सम्प्रेषण भएको देखिएकोले आगामी दिनमा यस्ता सामग्री सम्प्रेषण नगर्न/नगराउनेतर्फ सचेत गराउने" । |
| ४ | hamroeconomy.com | | काँग्रेसपनि फुट्यो, देउवा ओलीतिर, रामचन्द्र प्रचण्ड गुटमा | पत्रकार आचारसंहिता २०७३(पहिलो संशोधन,२०७६) को ४(३)१, र ४(६) प्रतिकूल देखिएको<br>निर्णय<br>भ्रमपूर्ण सामग्री सम्प्रेषण भएको देखिएकोले अभिलेखमा राख्ने । |
| ५ | दबाब साप्ताहिक | | बादलको नालायकीले प्रहरी ध्वस्त<br>प्रहरी संगठन चुस्त बनाउने गृहले हो । तर, मन्त्री नालायक | पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६)को दफा४(३)३ पेशागत मर्यादा र व्यबहार प्रतिकूल<br><br>निर्णय : |

| | | | | |
|---|---|---|---|---|
| | | | हुँदा त्यो प्रहरीले आफ्नै हित गर्न सकेन् । | सामाजिक शिष्टताको ख्याल नगरी कसैप्रति भेदभाव हुने किसिमबाट अमर्यादित ‘नालायक’ जस्ता शब्द प्रयोग गरी पत्रकार आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण भएको देखिएकोले आगामी दिनमा यस्ता अमर्यादित शब्दको प्रयोग गरी सामग्री सम्प्रेषण नगर्न/नगराउनतर्फ सञ्चारमाध्यमलाई ध्यानाकर्षण गराउने ” |
| ६ | nattionpati.com | | गृहमन्त्री थापा नेकपा एमालेको उपाध्यक्षमा मनोनित | मिति २०७७।११।२८ मा आवश्यक पुष्ट्याइँबेगर के/कसरी उक्त सामाग्री सम्प्रेषण हुन गएको हो ? ३ दिन भित्र जवाफ पेश गर्न मिडियालाई पत्राचार भएकोमा मिति २०७७।१२।०३ मा “उक्त समाचारको सर्न्दभमा एमालेको स्रोत र सामाजिक सञ्जालमा आएको सूचनालाई आधार मानेर उक्त समाचार सम्प्रेषण गरिएको हो । अनलाइनमा लेखिएको समाचारले कुनै व्यक्ति विशेष वा संघ संस्था वा निकायमाथि आँच पुऱ्याउने मनसाय नरहेको जानकारी समेत गराउन चहान्छु । उक्त समाचारले आम पाठकवर्ग र पत्रकारितामा परेको असरप्रति नेशनपाटी डटकम क्षमाप्राथी छौँ” भनी जवाफ पेश गरेको सम्बन्धमा मिति २०७७।१२।१९ को बैठकबाट “ सम्बन्धित मिडियाबाट क्षमायाचना गरी जवाफ पेश भएकोले अद्यावधि गरी अभिलेखीकरण गर्ने” । |
| ७ | khabar.enewsnepali.com | | माओवादीका रामबहादुर थापा बने नेकपा एमालेको उपाध्यक्ष | मिति २०७७।११।२८ मा आवश्यक पुष्ट्याइँबेगर के/कसरी उक्त सामाग्री सम्प्रेषण हुन गएको हो ? ३ दिन भित्र जवाफ पेश गर्न मिडियालाई पत्राचार भएकोमा मिडियाबाट मिति २०७७।१२।३ गते पत्रकारिताको मर्यादा भित्र रहेर सम्भावनाहरूको विश्लेषण गर्ने हेतुले सम्प्रेषण गर्न खोजिएको समाचारको शीर्षकमा गम्भीर त्रुटिभएको कुरा हामी स्वीकार गर्दछौँ । तुरुन्तै उक्त समाचार सच्याएर शीर्षक परिवर्तन गरेका छौँ । यस गल्तिबाट पाठ सिक्दै आगामी दिनमा थप जिम्मेवार हुने प्रतिबद्धता व्यक्त गर्दछौँ” भनी जवाफ पेश भएको सम्बन्धमा मिति २०७७।१२।१९ को बैठकबाट “ सम्बन्धित मिडियाबाट क्षमायाचना गरी जवाफ पेश भएकोले अद्यावधि गरी अभिलेखीकरण गर्ने” । |
| ८ | www.ekantipur.com<br>कान्तिपुर दैनिक<br>कान्तिपुर टेलिभिजन | | कमेडि च्याम्पियन सिजन २ कार्यक्रम “पागलपनको दोस्रो धमका” | www.ekantipur.com, कान्तिपुर दैनिक, कान्तिपुर टेलिभिजन मा कमेडि च्याम्पियन सिजन २ कार्यक्रम “पागलपनको दोस्रो धमका” स्लोगन सहितको विज्ञापन प्रकाशन प्रसारण भएकोले तत्काल स्लोगन हटाई जवाफ पेश गर्न पत्राचार गरिएकोमा मिडियाबाट मिति २०७७।१२।३। गते “उक्त विज्ञापन बारे गराइएको ध्यानाकर्षण अवगत भएको छ । भविष्यमा यस प्रकारका सामग्री सम्प्रेषण नहोस भन्नेमा सचेत रहेको कुरा अवगत गराइन्छ । ध्यानाकर्षणको लागि धन्यवाद” भनी जवाफ प्राप्त भएको सम्बन्धमा मिति २०७७।१२।१९ को बैठकबाट “ सम्बन्धित मिडियाबाट आगामी दिनमा सचेत रहने बेहोरा उल्लेख गरी जवाफ पेश भएकोले अद्यावधि गरी अभिलेखीकरण गर्ने” |
| ९ | कान्तिपुर दैनिक | | धुम्रपान मध्यपानको विज्ञापन सम्बन्धमा अनलाइन कमप्लेनमा प्राप्त | <u>निर्णय</u><br>मिति २०७७।१२।१९ को बैठकबाट “ धुम्रपान तथा मध्यपानका विज्ञापनका सम्बन्धमा विभिन्न उजुरी तथा जनगुनासाहरू आइरहेको हुँदा जनस्वास्थ्य सेवा ऐनमा भएको व्यवस्थासमेतलाई कोट गरी आवश्यक नीति तर्जुमाको लागि विज्ञापन बोर्डलाई जानकारी गराउने” |